# आलितताल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०२ संख्या : ३ मिति : २०७७/०२/३०

## भाग - २

**आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**आलिताल गाउँपालिकाको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७७**

प्रस्तावनाः कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचार सम्बन्धी कार्यमा संलग्न जनशक्तिलाई जोखिम भत्ता उपलब्ध गराउन वाञ्छनीय भएकोले, आलिताल गाउँकार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "आलिताल गाउँपालिकाको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपचार" भन्नाले कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपाचार सम्बन्धी स्वास्थ सेवा सम्झनु पर्छ ।

(ख) "कोभिड-१९" भन्नाले SARS-COV-2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ।

आलिताल गाउँपालिका

(ग) "जोखिम भत्ता" भन्नाले कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने जनशक्तिलाई यस कार्यविधि बमोजिम प्रदान गरिने भत्ता सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले आलिताल गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "स्वयंसेवक" भन्नाले गाउँपालिकाले निर्माण गरेका क्वारेण्टाइन स्थलमा कामकाज गर्ने गरी परिचालन गरेका स्वयंसेवक सम्झनु पर्छ ।

(च) "क्वारेण्टाइन स्थल" भन्नाले आलिताल गाउँपालिकाले गाउँपालिका भित्र निर्माण गरेको क्वारेण्टाइन स्थल सम्झनु पर्छ ।

(छ) "जनशक्ति" भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न दफा ३ बमोजिमको निकायको सोही बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनु पर्छः-

१. चिकित्सक,

२. नर्स,

३. पारामेडिक्स,

४. प्रयोगशालाकर्मी,

५. इमेजिङ सेवा प्रदायक,

६. एम्बुलेन्स चालक तथा सहायक,

७. प्रशासनिक तथा अन्य कर्मचारी र सहयोगी कर्मचारी,

८. सुरक्षाकर्मी,

९. सरसफाइमा संलग्न कर्मचारी,

१०. गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनी प्रमाणित गरेको कर्मचारी ।

३. **<u>जोखिम भत्ता प्राप्त गर्न सक्नेः</u>** कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा संलग्न देहाय बमोजिमका काममा खटिएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्नेछनः-

(क) गाउँपालिका भित्रका विभिन्न स्थानमा खडा गरिएका हेल्थ डेक्समा खटिएका जनशक्ति,

(ख) गाउँपालिका भित्रका क्वारेण्टाइन व्यवस्थापनमा खटिएका जनशक्ति,

आलिताल गाउँपालिका

(ग) गाउँपालिका भित्र खडा गरिएका क्वारेण्टाइन स्थल व्यवस्थापनमा खटिएका जनशक्ति,

(घ) संक्रमणको शंकास्पद व्यक्तिलाई शुरु परीक्षण (स्क्रिनिंग) र सो कार्यमा सहयोग पुऱ्याउने तथा फिबर (ज्वोरो) क्लिनिकमा खटिएका जनशक्ति,

(ङ) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना संकलन, प्याकिङ र ढुवानीमा संलग्न जनशक्ति,

(च) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना परीक्षण र प्रमाणिकरण गर्ने जनशक्ति,

(छ) कोभिड-१९ का विरामीसँग सम्पर्कमा आएकाहरुको खोजी कार्य (कन्टयाक्ट ट्रेसिङ्ग) मा खटिएका जनशक्ति,

(ज) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमको जनशक्तिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोगका लागि खटिएका जनशक्ति,

(झ) यस कार्यविधि बमोजिमको कार्य अनुगमन, मूल्यांकन तथा व्यवस्थापनमा संलग्न जनशक्ति ।

४. **<u>विवरण तथा कागजात संलग्न गर्नुपर्ने:</u>** (१) जोखिम भत्ता प्राप्त गर्नका लागि पुष्ट्याँई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी दफा ६ बमोजिमको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) दफा ३ बमोजिमको कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी ।

(ख) क्वारेण्टाइनको हकमा संभावित संक्रमित व्यक्ति क्वारेण्टाइनमा बसेको विषय पुष्टयाई गर्ने विवरण।

(ग) फिबर (ज्वोरो) क्लिनिकको हकमा फिबर क्लिनिक संचालन गरेको प्रमाण तथा फिबर क्लिनिकमा चेकजाँच गरेका व्यक्तिको विवरण ।

(घ) नमूना संकलन तथा परीक्षणमा संलग्न जनशक्तिको हकमा नमूना संकलन गरिएका तथा प्रयोगशाला परीक्षण गरिएका व्यक्तिको विवरण ।

(ङ) ईमेजिङ्ग सेवा प्रदायकको हकमा कोभिड-१९ को शंकास्पद विरामिलाई ईमेजिङ्ग सेवा प्रदान गरेको विवरण ।

(२) दफा ३ को खण्ड (ख) र (छ) बमोजिमको जनशक्तिको हकमा खटाएको पत्रको आवश्यकता पर्ने छैन ।

५. **<u>रकम उपलब्ध गराउने:</u>** कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम भत्ता वापतको रकम गाउँपालिकाले उपलब्ध गराउनेछ।

६. **<u>जोखिम भत्ता व्यवस्थापन:</u>** (१) कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा संलग्न जनशक्तिलाई गाउँपालिकाले जोखिम भत्ताको व्यवस्थापन गर्नेछ ।

(२) कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा प्रत्यक्ष रुपमा संलग्न जनशक्तिलाई यस कार्यविधिमा उल्लेख भए बमोजिमको जोखिम भत्ताको उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको विवरणको आवश्यक जाँचबुझ गरी जोखिम भत्ता प्रदान गर्नुपर्ने देखिएमा गाउँपालिकाले भुक्तानी दिनु पर्नेछ ।

७. **जोखिम भत्ताः** (१) देहायको जनशक्तिलाई देहाय बमोजिम जोखिम भत्ता उपलब्ध गराइनेछः-

(क) स्वास्थ्य सेवा व्यवस्थापन तथा उपचारमा प्रत्यक्ष संलग्न जनशक्तिलाई

१. अधिकृत स्तरलाई प्रतिदिन रु १२००।-,

२. सहायक स्तरलाई प्रतिदिन रु ८००।-,

३. कार्यालय सहयोगी स्तरलाई प्रतिदिन रु ३००।

(ख) प्रशासनिक तथा व्यस्थापनमा प्रत्यक्ष संलग्न जनशक्तिलाई

१. अधिकृत स्तरलाई प्रतिदिन रु १२००।-,

२. सहायक स्तरलाई प्रतिदिन रु ८००।-,

३. कार्यालय सहयोगी स्तरलाई प्रतिदिन रु ३०० का दरले।

(ग) सुरक्षाकर्मीलाई प्रतिदिन रु ३००।- र खाना वाफत रु २००।- गरी जम्मा रु ५००।-

(घ) स्वयंसेवकलाई प्रतिदिन रु ४०० ।-

(ङ) एम्बुलेन्स ड्राईभरलाई प्रतिदिन रु ५०० ।-

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोभिड-१९ को कामको सिलसिलामा वा अन्य कार्यालयको कामको सिलसिलामा गाउँपालिका भन्दा बाहिर खटनपठन गराउदा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता उपलब्ध गराउन यो कार्यविधिले वाधा पार्ने छैन ।

८. **अनुगमन गर्नेः** जोखिम भत्ता लागू भए नभएको र जोखिम भत्ताको दुरुपयोग भए नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नेछ ।

९. **जोखिम भत्ताको अवधिः** (१) यस कार्यविधि बमोजिम जोखिम भत्ता प्राप्त गर्ने जनशक्तिको हकमा २०७६ साल चैत्र ९ गते देखि लागू हुने गरी उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको जोखिम भत्ता नेपालमा कोभिड-१९ नियन्त्रण भईसकेको वा जोखिम नरहेको भनी नेपाल सरकारले निर्णय गरेको मिति वा २०७७ साल असार मसन्त मध्ये जुन अघि हुन्छ सोही अवधिसम्म कायम रहनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारले नेपालमा कोभिड-१९ नियन्त्रण भईसकेको वा जोखिम नरहेको भनी निर्णय नगर्दा सम्म गाउँपालिकाले म्याद थप गर्न सक्नेछ ।

१०. **<u>गाउँपालिकाले आवश्यक व्यवस्था गर्ने:</u>** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा वा कुनै कुराको थप व्याख्या गर्नु परेमा वा कुनै दफा संशोधन वा हटाउनु परेमा वा थप गर्नु परेमा गाउँकार्यपालिकाले आवश्यक व्यवस्था गर्नेछ ।

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका